माईना स्वास्थ्य बीमा कार्ड नभएका व्यक्तिहरूका लागि

# योग्यता प्रमाणपत्र पठाइनेछ

सन् २०२५ डिसेम्बर २ देखि हालको स्वास्थ्य बीमा कार्ड प्रयोग गर्न सकिने छैन। माईना स्वास्थ्य बीमा कार्ड भएका व्यक्तिहरूले त्यो कार्ड प्रयोग गरी अस्पताल वा अन्य स्वास्थ्य संस्थामा सेवा लिन सक्नुहुन्छ। तर, **माईना स्वास्थ्य बीमा कार्ड नभएका व्यक्तिहरूले सेवा लिन योग्यता प्रमाणपत्र देखाउनुपर्ने हुन्छ**।

* माईना स्वास्थ्य बीमा कार्ड भनेको... माई नम्बर कार्डमा स्वास्थ्य बीमा कार्डको रूपमा दर्ता गरिएको कार्ड हो।

## योग्यता प्रमाणपत्र भन्नाले के हो*

**यदि तपाईं सँग माईना स्वास्थ्य बीमा कार्ड छैन भने *, योग्यता प्रमाणपत्र देखाएर अघिल्लै जस्तै बीमा सेवा लिन सकिन्छ।**

* “माईना स्वास्थ्य बीमा कार्ड नभएको” भन्नाले तलका अवस्थाहरू जनाउँछ:

- माई नम्बर कार्ड नभएको, वा कर्मचारी स्वास्थ्य बीमा संस्थामा माई नम्बर पेश नगरिएको
- स्वास्थ्य बीमा प्रयोगको लागि दर्ता नगरिएकाले, माई नम्बर कार्ड प्रयोग गरी उपचार सेवा लिन नसकिने
- माई नम्बर कार्डमा भएको इलेक्ट्रोनिक प्रमाणपत्रको म्याद सकिएको छ

* 資格確認書 (shikaku kakunin-sho)

## लक्षित व्यक्तिहरू

**हाल स्वास्थ्य बीमा कार्ड राख्नु भएका (सन् २०२४ नोभेम्बर ३० गतेसम्म बीमा मा सहभागी भएका) र सन् २०२५ अप्रिल ३० को मितिसम्म माईना स्वास्थ्य बीमा कार्ड नलिएका बीमित व्यक्तिहरू**

### Q किन सम्पूर्ण परिवार सदस्यको योग्यता प्रमाणपत्र आएको छैन?

माईना स्वास्थ्य बीमा कार्ड नभएका बीमित व्यक्तिहरूलाई मात्र योग्यता प्रमाणपत्र पठाइन्छ।
यदि पठाइने प्रमाणपत्रको संख्या ५ वा सोभन्दा बढी भएमा, तिनीहरूलाई केहि वटा खाममा छुट्याएर पठाइन्छ।

### Q पहिले नै योग्यता प्रमाणपत्र छ, तर फेरि नयाँ आएको छ। कुन चाहिँ प्रयोग गर्ने?

प्रमाणपत्रको माथिल्लो दायाँ कुनामा रहेको जारी मिति हेर्नुहोस् र नयाँ मितिको प्रमाणपत्र प्रयोग गर्नुहोस्।
पुरानो मितिको प्रमाणपत्र भने संलग्न गरिएको उत्तर पठाउने खाममा हालेर फिर्ता गर्नुहोस्।




### Q हाल आफू सँग रहेको स्वास्थ्य बीमा कार्ड के गर्ने?

सन् २०२५ डिसेम्बर १ सम्म स्वास्थ्य बीमा कार्ड प्रयोग गर्न सकिन्छ।
तर २०२५ डिसेम्बर २ पछि यसलाई स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोग गर्न मिल्दैन, त्यसैले कृपया आफैंले नष्ट गर्नुहोस्।
यदि सन् २०२५ डिसेम्बर १ अगाडि सेवा समाप्ति आदि कारणले संस्थाको स्वास्थ्य बीमाको योग्यता हराएको छ भने, स्वास्थ्य बीमा कार्ड कृपया आफ्नो कार्यस्थल (कार्यालय) मा फिर्ता गर्नुहोस्। (यदि स्वेच्छिक निरन्तर बीमामा सहभागी व्यक्ति रोजगार आदिका कारण योग्यता गुमाउँछन् भने, "स्वेच्छिक निरन्तर बीमा सदस्यता समाप्ति आवेदनपत्र" सँगै स्वास्थ्य बीमा कार्ड हाम्रो संस्थामा फिर्ता गर्नुहोस्।)

* 任意継続被保険者資格喪失申出書 (nin'i keizoku hihokensha shikaku sōshitsu mōshidesho)

योग्यता प्रमाणपत्र प्राप्त हुँदा यदि तपाईं हाम्रो संस्थामा बीमित नभएको अवस्थामा हुनुहुन्छ भने, संलग्न गरिएको उत्तर पठाउने खाम प्रयोग गरी प्रमाणपत्र फिर्ता गर्नुहोस्।
◇ फिर्ता गरिएको प्रमाणपत्र प्रयोग गर्न मिल्दैन, त्यसैले हामी यसलाई **तुरुन्तै नष्ट गर्नेछौं**।
**संलग्न गरिएको उत्तर पठाउने खामलाई योग्यता प्रमाणपत्र फिर्ता गर्न बाहेक अन्य प्रयोजनमा प्रयोग नगर्नुहोस्।**

विदेशी भाषाको पर्चा यहाँ उपलब्ध छ।

# मेडिकल सेवा लिँदा **माई नम्बर स्वास्थ्य बीमा कार्ड** प्रयोग गर्नुहोस्



※ माईना स्वास्थ्य बीमा कार्ड भनेको... माई नम्बर कार्डमा स्वास्थ्य बीमा कार्डको रूपमा दर्ता गरिएको कार्ड हो।

## फाइदा १ स्वास्थ्य जानकारी साझा हुने भएकाले गुणस्तरीय सेवा प्राप्त गर्न सकिन्छ!!

माईना स्वास्थ्य बीमा कार्ड प्रयोग गरी सेवा लिँदा, पहिलो पटक जाने अस्पताल वा स्वास्थ्य संस्थामा पनि विशेष स्वास्थ्य परीक्षण, औषधि तथा उपचार सम्बन्धी जानकारी चिकित्सकसँग साझा गर्न सकिन्छ, जसले अझ उपयुक्त उपचार पाउन मद्दत गर्छ। (यो व्यक्तिको सहमति भएमा मात्र लागू हुन्छ।)

### अहिलेसम्मको स्वास्थ्य बीमा कार्ड प्रयोग गर्दा




### माईना स्वास्थ्य बीमा कार्ड प्रयोग गर्दा




## फाइदा २ कुनै प्रक्रिया बिना उच्च मूल्यको भुक्तानी गर्नु पर्दैन!!

माईना स्वास्थ्य बीमा कार्ड प्रयोग गर्दा, सीमा लागू प्रमाणपत्र बिना पनि आफूमाथिको भुक्तानी सीमा नाघ्ने स्वास्थ्य खर्च अग्रिम तिर्नु पर्दैन।

### अहिलेसम्मको स्वास्थ्य बीमा कार्ड प्रयोग गर्दा




* 限度額適用認定証 (gendogaku tekiyō nintei-shō)

### माईना स्वास्थ्य बीमा कार्ड प्रयोग गर्दा




## प्रक्रिया सजिलो छ! **माई नम्बर कार्डलाई स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोग गर्न** के गर्नुपर्छ?

माई नम्बर कार्डलाई स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोग गर्नका लागि तपाईंले आफैंले "स्वास्थ्य बीमा प्रयोग दर्ता" गर्न आवश्यक छ। तपाईंले हाल प्रयोग नगर्ने भए पनि चाँडो दर्ता गर्नुहोस्।

### **स्वास्थ्य बीमा प्रयोग दर्ता** यहाँ गर्न सकिन्छ

स्मार्टफोनबाट सजिलो!



माईना पोर्टल

सेवा लिँदा सजिलो!



स्वास्थ्य संस्था वा अस्पतालको कार्ड रिडर

कार्ड राख्नुहोस् र ४ अङ्कको पिन नम्बर मात्र हाल्नुहोस्!



सेभेन बैंक एटिएम

माइना पोर्टलमा "चिकित्सा खर्च सम्बन्धी जानकारी" र "मेरो पात्रता सम्बन्धी जानकारी" हेर्न सकिन्छ। यसलाई कर विवरण दाखिला (ट्याक्स रिटर्न) मा पनि प्रयोग गर्न सकिन्छ।

माई नम्बर कार्डलाई स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोग गर्ने आवेदन विवरणहरू 2D कोडबाट हेर्न सकिन्छ।
स्वास्थ्य तथा श्रम मन्त्रालयले बनाएको भिडियो ▶ [कसरी आवेदन गर्ने? अहिले नै गर्न सकिन्छ! सजिलो आवेदन]

**माई नम्बर कार्डको स्वास्थ्य बीमा कार्ड प्रयोग दर्ता स्थिति माईना पोर्टलमा (दायाँपट्टि रहेको 2D कोडबाट) जाँच गर्न सकिन्छ।**

माइना पोर्टल